प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली
नेपाल

## विद्युतिय बोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/०२/२२

यस कार्यालयको लागि आवश्यक भएको देहाय बमोजिमको सवारी साधन विद्युतिय बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले E-bidding/E-Submission समेतको लागि यो सूचना प्रकाशित गरिएको छ। देहाय अनुसार ईजाजत प्राप्त ईच्छुक उत्पादक, सोल एजेण्ट, आधिकारीक बिक्रेता तथा आयात कर्ता फर्महरूबाट बोलपत्र आह्वान गरिएको छ।

१. E-bidding/E-Submission मा भाग लिने बोलपत्र दाताहरूको लागि यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम पोर्टल www.bolpatra.gov.np/egp बाट सवारी साधन खरिद सम्बन्धी E-bidding/E-Submission गर्नु पर्नेछ।

२. कारणबस बोलपत्र E-bidding/E-Submission गर्ने अन्तिम दिन र खोल्ने दिन बिदा परेमा बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा क्रमसः हुनेछ।

३. E-bidding/E-Submission मा भाग लिने बोलपत्र दाताले प्रदेश लेखा नियन्त्रक कार्यालय सुदूरपश्चिम प्रदेश, धनगढी स्थित देहाय बमोजिमको राजश्व खातामा सूचनमा उल्लेखित बोलपत्र दस्तुर बापतको रकम १५औं दिन भित्र दाखिला गरेको भौचर, कारोवार दर्ता, मूल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र, सप्लाई गरिने सवारी साधन बिक्रि गर्न सम्बन्धित निर्माता कम्पनीबाट प्राप्त प्रमाणपत्रहरूको Scanning Copy समेत राखी १६ औं दिन दिनको १२ बजे भित्र उल्लेखित वेवमा E-Submission गरी सक्नुपर्नेछ। साथै वेवमा E-Submission भएका बोलपत्रहरू सोहि दिनको १ बजे यस कार्यालयमा खोलिनेछन्।

४. राजश्वबाफत दाखिला गर्नु पर्ने विवरण

   - बैंकको नाम : रा.बा. बैंक, धनगढी, कैलाली।
   - रकम दाखिला हुने कार्यालयको नाम : प्रदेश लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलाली।
   - कार्यालय कोड नं. : ७०७३१७१०७
   - खाता नं. : क११९०३
   - राजश्व शिषर्क नं. : १४२२९

५. बोलपत्र दाताले सवारी साधनको मूल्य (मूल्य अभिवृद्धि कर बाहेकको रकम) बोलपत्र फारममा अंक र अक्षरमा स्पष्ट लेखि (अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ) बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्र दाताको पदाधिकारीले सहीछाप गरी आवश्यक कागजात र धरौटी बापत सूचनामा उल्लेखित रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढीमा रहेको धरौटी खाता नं. ४१७०५०२००००००० मा रकम जम्मा गरेको बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको पक्षमा जारी भएको मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकको बिड वण्ड (बैंक जमानी पत्र) समेतका आवश्यक कागजपत्रहरूको Scanning Copy वेवमा पेश गर्नु पर्नेछ।

६. बोलपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पेश गर्नु पर्नेछ।

७. रित नपुगेका विद्युतीय बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

८. प्राप्त बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

९. E-bidding/E-Submission भएका बोलपत्रमा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए/नभएको परिक्षणमा ग्राह्य भएका बोलपत्रहरूबाट मात्र छनोट गरिनेछ।

१०. E-bidding/E-Submission मा भाग लिने बोलपत्र दाताहरूले कागजपत्रको सक्कल प्रति वा नोटरीबाट सक्कल प्रमाणित गराई सात दिन भित्र यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

११. यस बाहेक अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

तपसिल:

| सि.नं. | ठेक्का नं. | सप्लाइ गर्नु पर्ने सामान | संख्या | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) | न्यूनतम जमानत रकम |
|---|---|---|---|---|---|
| १ | 05-OCMCM/NCB/2075/76 | Sport Utility Vehicle (Engine Power ≥100KW) | १ | रु.३,०००।- | रु.३,८४,०००।- |